# ाशन आपूर्ति सम्वन्धी बोलपत्र आव्हानको सूचना
# माज कल्याण केन्द्र बृद्धाश्रम, पशुपति काठमान्डौ
## प्रथम पटक प्रकाशित मिति २०७९।०७।१६

## Contract ID: SWCEH/1/NCB/G/079/80

१. राशन आपुर्ति सम्वन्धी ब्यवसाय गर्न प्रचलित कानुन बमोजिम सम्वन्धित निकायमा दर्ता भएका आपुर्तिकर्ताहरुवाट २०७९ माघ १ गते देखी २०८० पौष मसान्त सम्म २३० जना ज्येष्ठ नागरिकहरुको लागि स्वीकृत मापदण्ड अनुसारको राशन आपुर्ति गर्न समाज कल्याण केन्द्र बृद्धाश्रम प्रथम पटक प्रकाशित मितिले ३० (तिस) दिन भित्र पेश गर्ने गरी वोलपत्र आव्हान गर्दछ ।

२. खरिद गरिने राशनको किसिम तथा परिमाण वोलपत्र सम्वन्धी कागजातमा उल्लेख भएबमोजिम हुनेछ ।

३. बोलपत्रवाट राशन आपुर्ति गर्न चाहने इच्छुक नेपाली आपुर्तिकर्ताले e-bidding प्रनालीवाट बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्रदाताहरुले बोलपत्र दस्तुर वापतको रकम रु ५०००।०० (अक्षरुपी पाँच हजार रुपैया मात्र) फिर्ता नहुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय बबरमहल काठमान्डौको राष्ट्रिय वाणिज्य वैंक टेकु शाखा स्थित वैंक खाता नं. १०००१००२०००१०००० राजश्व शिर्षक नं. १४२२९ यस कार्यालयको कार्यालय कोड नं. ३४०००३५०२ मा जम्मा गरेको बैंक Scanned copy upload गर्नुपर्ने छ ।

४. बोलपत्रको मान्य हुने अवधी वोलपत्र खोल्ने मितिले नब्बे दिनको हुनेछ ।

५. बोलपत्र पेश गर्दा बोलपत्र साथ रु ६,००,०००।०० (अक्षरुपी छ लाख रुपया मात्र ।) बोलपत्र खोलिने मिति देखी १२० दिन मान्य रहने गरी नेपाल राष्ट्र वैंक वालुवाटार काठमान्डौ स्थित यस कार्यालयको कार्यालय कोड नं. २७–३४०–०२ (नयाँ कोड ३४०००३५०२) धरौटी खाता नं. १२०१२००००१००२५२४ मा नगद दाखिला गरेको वैक भौचर वा नेपाल राष्ट्र वैंकवाट “क” बर्गको इजाजत प्राप्त बाणिज्य वैंकहरुवाट जारी गरेको वैंक जमानतको Scanned copy upload गर्नुपर्नेछ । सो वैंक जमानतको सक्कल प्रति वोलपत्र खोलिने दिन पेश गर्नु पर्नेछ ।

६. दाखिला भएका बोलपत्रहरु मिति २०७९।०८।१८ गते दिनको १:०० वजे वोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा समाज कल्यान केन्द्र बृद्धाश्रम पशुपतिमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थित नभएपनी वोलपत्र खोल्न बाधा पर्ने छैन । पुर्व निर्धारित मितिमा कारणवस नखोलिएको अवस्थामा वोलपत्र तथा वोलपत्र जमानतको मान्य अवधीको गणना पुर्व निर्धारित मिति देखी नै गरिने छ ।

७. बोलपत्र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ ।

८. बोलपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पस्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षर विच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

९. म्याद नाघी आएको र रित नपुगेको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।

१०.राशन आपुर्ति गर्ने करार अवधी भित्र कुनै किसिमको मुल्यबृद्धि दिईने छैन ।

११.बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस समाज कल्याण केन्द्र बृद्धाश्रम पशुपतिमा सुरक्षित रहनेछ ।

१२. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

१३.बोलपत्र सम्वन्धी अन्य कुरा बुझ्नु परेमा यस समाज कल्याण केन्द्र बृद्धाश्रम पशुपतिमा सम्पर्क राख्न वा कार्यालयको टेलिफोन नं. ०१-५२४१३९१ मा सम्पर्क गर्न सकिनेछ ।

१४. E-bidding प्रणालीबाट बोलपत्र पेश गर्दा बोलपत्रदाताहरुले www.bolpatra.gov.np मा Login गरी आवस्यक कागजात scanned copy upload गर्नुपर्नेछ । e-submission भएका बोलपत्रहरु खोल्ने समयमा upload भएको नदेखिएमा upload कागज प्रस्ट नबुझिने भएमा download हुन नसकेमा यस कार्यालय जवाफदेही हुनेछैन ।